सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २०९ ♦ २०८२ साल चैत्र २२ आइतवार ♦ 5 April 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# दोहोरो सूचनाले गौशाला बजारमा द्वन्द्व : समन्वय अभावले व्यापारी अन्योलमा, बजार बन्द






धनबीर महतो र धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**चैत्र २१ गते, महोत्तरी**

एउटै निकाय भित्रको दुई कार्यालयले छुट्टा छुट्टै निकालेको सूचनाको कारण गौशालाका व्यापारीहरु प्रत्यक्ष मर्कामा परेका छन् । शनिबार बिहान गौशालाबजार क्षेत्रभित्र पर्ने संरचना हटाउने क्रममा व्यवसायीहरुको पसलको संरचना हटाउने क्रममा तोडफोड गरेपछि यहाँका व्यवसायीहरु प्रत्यक्ष मर्कामा परेका हुन् ।

केहीदिन अगाडि गौशाला नगर पालिकाको कार्यालय र गौशाला नगरपालिका वडा नं. ५ को कार्यालयले जारी गरेको सार्वजानिक सुचनाको कारण स्थानिय व्यपारीहरु मर्कामा परेका हुन् । ती दुई कार्यालयकै कारण बजार व्यवस्थापनको क्रममा विवाद सिर्जना भएको हो ।

वडा कार्यालयले चैत १७ गते जारी गरेको सुचनाको बुँदा नं. ४ मा बजारभरिका सडक अतिक्रमित क्षेत्रलाई व्यवस्थित गरि सरसफाई गर्नुपर्ने उल्लेख रहेका छन् । त्यस्तै नगर पालिकाले यहि चैत्र १९ गते प्रकाशन गरेको सुचनाको बुँदा ५ मा पसलको अगाडि सडकमा जथाभावी छाना निर्माण गरिएको जस्ताको टहरा, छदि, बोर्डहरुलाई पुर्णरुपमा हटाउने उल्लेख रहेको छ । त्यस्तै बुँदा नं. ६ मा आफ्नो पसल अगाडिको स्लाबमाथि सरसर मान राखि बेच्ने पाँउने तर नालाबाहिर राख्न नपाउने उल्लेख रहेका छन् ।

यसै विषयमाथि चित नबुझ्दा बजार अतिक्रमणमुक्त गर्ने क्रममा समस्या पैदा भएको गौशाला नगर संजालका अध्यक्ष भरत महतोले बताए । उनले भने, 'हामीहरु समन्वयनको भुमिकामा रहेका थियौ । नगर पालिकाको कार्यालय र बडा कार्यालय मुख्य भुमिकामा रहि बजार व्यवस्थापनमा खटिएको थियो । जहाँ नगरको प्राविधीक, जनशक्ति र सुरक्षाकर्मी परिचालन गरिएको थियो भने वडा कार्यालयको विशेष निगरानी रहेको थियो ।'

## वडाअध्यक्षले गरे बजार बन्दको घोषणा

गौशाला नगरपालिका वडा नं. ५ का वडाअध्यक्ष ओमप्रकाश गुप्ताले अनिश्चितकालिन

*बाँकी पृष्ठ ३ मा*

# मधेस प्रदेशमा २५ लाख माथिका योजनाका लागि टेन्डर




खबर दर्पण समाचारदाता

**चैत्र २१ गते, बर्दिवास**

मधेस प्रदेश सरकारले बजेट कार्यान्वयनबारे नयाँ नीति सार्वजनिक गरेको छ । जसअनुसार प्रदेश सरकारले १० लाख रुपैयाँभन्दा कम लागतका साना योजनामा बजेट नहाल्ने भएको छ ।

चालु आर्थिक वर्ष (२०८२/८३) को बजेट खर्च प्रक्रिया सुस्त बनेपछि सरकारभित्र टेन्डर, उपभोक्ता समिति र सिलबन्दी कोटेसनमार्फत योजना सञ्चालन गर्ने विषयमा विवाद चलिरहेको थियो ।

बिहीबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले उक्त विवाद टुङ्ग्याउँदै योजनाको रकमका आधारमा कार्यान्वयनको मापदण्ड निर्धारण गरेको हो । प्रदेश सरकारका प्रवक्ता तथा स्वास्थ्य तथा जनसंख्या मन्त्री जङ्गीलाल रायका अनुसार अब २५ लाख रुपैयाँभन्दा बढीका योजनाहरू टेन्डर प्रक्रियामार्फत

*बाँकी पृष्ठ ३ मा*

## बर्दिवास उद्योग वाणिज्य संघ

निर्वाचन समितिको कार्यालय

बर्दिवास, महोत्तरी

### नवीकरण तथा निर्वाचन सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस बर्दिवास उद्योग वाणिज्य संघको मिति २०८२ साल चैत १७ गतेको निर्णयानुसार गठन भएको समितिले दिएको प्रतिवेदन, निर्वाचन समितिको पदाधिकारी तथा उम्मेदवारहरु बीच सर्वसम्मत भएको निर्णयानुसार यस संघका पूराना सम्पूर्ण सदस्यहरूलाई (नवीकरण छुट भएका तथा नवीकरण नगराउनु भएका दुवै) सदस्यहरूलाई आ आफनो स्थायी लेखा नम्बरको प्रमाणपत्र लिई स्वयम् उपस्थित भई यही मिति २०८२/१२/२० गते देखि २०८२/१२/२२ गते सम्म विहान ८:०० बजे देखि साँझ ५ बजे सम्म यस संघको कार्यालयमा आई सदस्यता नवीकरण गरीदिनु हुन सम्पूर्ण सदस्यज्यूहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

यस संघबाट प्रकाशित भएको सूचना बमोजिम नवीकरण छुट हुन गएमा सदस्य स्वयम् जिम्मेवार रहने व्यहोरा सबैमा जानकारी गराइन्छ ।

*अतः यस संघको पूर्व निर्धारित तालिका अनुसार नै यही मिति २०८२/१२/२४ गते निर्वाचन हुने व्यहोरा सबैमा जानकारी गराउँदछौं ।*

| | | |
|---|---|---|
| स.निर्वाचन अधिकृत | स.निर्वाचन अधिकृत | मुख्य निर्वाचन अधिकृत |
| राम कुमार कार्की | सन्तोष कुमार सिग्देल | विष्णु बहादुर कार्की |

# मधेसमा दाहसंस्कार नै अपूरो हुने चिन्ता

विशाल बस्नेत

**चैत्र २१ गते, बर्दिवास**

महोत्तरीका ८५ वर्षीय भगवती भट्टराईलाई आजकाल मृत्युभन्दा पनि मृत्युपछि दाहसंस्कार कसरी होला भन्ने विषयले पिरोलिरहन्छ। 'मर्नु त स्वाभाविक हो,' उनी भन्छन्, 'तर त्यसपछि गरिने संस्कार नै पूरा नहुने हो कि भन्ने डर लाग्न थालेको छ।' जीवनभर पुरोहितको रूपमा कर्मकाण्ड गराउँदै आएका भट्टराईले अहिले आफ्नै आँखाले परम्परा भत्किँदै गएको देखिरहेका छन्। घाटमा शव पुऱ्याएपछि खोलामा पानी नहुँदा धेरै विधि अधुरो छाड्नुपर्ने बाध्यता उनले बारम्बार भोगेका छन्। 'पहिले खोलामा सदाबहार पानी हुन्थ्यो, सबै विधि पूरा हुन्थ्यो,' उनी सम्झिन्छन्, 'तर अहिले पानीकै अभावमा कर्मकाण्ड छाड्दै जानुपर्ने अवस्था आयो, योभन्दा दु:खद् के हुन सक्छ ?' पछिल्लो समय मधेसका जिल्लाहरूमा पानीको संकट गहिरिँदै गएको छ।

भूमिगत पानीको सतह घट्दै जाँदा इनार, धारा र ट्युबवेल सुक्न थालेका छन्। यसको असर खेतीपातीमा मात्र सीमित छैन, सीधै सामाजिक र धार्मिक जीवनमा समेत देखिन थालेको छ। नदी-खोला सुक्दै जाँदा दाहसंस्कार जस्तो परम्परागत संस्कार नै संकटमा परेको छ। हिन्दु परम्पराअनुसार नदी किनारमै शवदाह गर्ने प्रचलन छ। तर, अहिले ती नदीहरूमा पानी नभएपछि संस्कार गर्ने आधार नभेटिँदा वैकल्पिक आधारहरू खोज्नुपर्ने बाध्यता सिर्जना हुन थालेको छ।

हिन्दु धर्ममा पानीलाई पवित्रताको प्रतीक मानिन्छ। विशेषगरी गंगाजलले मृत शरीर शुद्ध पार्ने र आत्मालाई मोक्षतर्फ लैजाने विश्वास छ। संस्कारका क्रममा शव स्नान गराउने, मुखमा जल राख्ने, दाहसंस्कारपछि अस्तु संकलन गरी नदीमा पखाल्ने प्रक्रिया पानीबिना अपूर्ण मानिन्छ। हिन्दु दर्शनअनुसार मानव शरीर ५ तत्व (पृथ्वी, जल, तेज (अग्नि), वायु र आकाश) बाट बनेको हुन्छ। दाहसंस्कारपछि अग्निले शरीर जलाउँछ भने जलले बाँकी प्रक्रिया पूर्णता दिन्छ। तर, जब जल नै अनुपस्थित हुन्छ, संस्कारको दार्शनिक आधार नै कमजोर बन्छ।

पर्यावरण अभियन्ता सुनिल यादव भन्छन्, 'आजको यथार्थ फरक छ। पानीकै अभावले परम्परागत विधिहरू व्यवस्थित रूपमा सम्पन्न गर्न सकिँदैन। कतै नदी सुक्दा टाढा धाउनुपर्ने अवस्था छ भने कतै अधुरै विधिमा संस्कार टुंग्याउनुपरेको छ। यसले हाम्रो संस्कृति नै संकटमा पारेको छ।' यो समस्या एक परिवार वा एक गाउँको होइन समग्र मधेसको साझा पीडा बन्ने क्रममा अगाडि बढेको विभिन्न दृष्टान्तहरू देखिएका छन्। महोत्तरीको रातु नदीमा पानी नपाइने भएपछि अहिले धेरै परिवारले शवलाई टाढाको कमला नदीसम्म लैजान थालेका छन्। 'हाम्रो संस्कारमा पानी अनिवार्य हो। अब जहाँ पानी पाइन्छ, त्यतै जानुपर्छ', स्थानीय शंकर थापाले भने।

सर्लाहीका लालबन्दी, कालिन्जोर र रानीगन्ज क्षेत्रका धेरैजसो मानिसहरूले आजकाल वैकल्पिक घाट बाग्मतीलाई बनाउन थालेका छन्। स्थानीयहरूका अनुसार अहिले शवलाई ट्र्याक्टरमा राखेर बाग्मती नदीसम्म पुऱ्याउने क्रम बढेको छ। स्थानीय किरण बस्नेत भन्छन्, 'क्रियापुत्रीहरूलाई नुहाउन पनि समस्या हुन थालेपछि धेरैले बाग्मती लैजान थालेका छन्।' एउटा संस्कार पूरा गर्न लामो दुरी पार गर्नुपर्ने अवस्था सिर्जना भएको छ भने जुन आर्थिक, शारीरिक र मानसिक रूपमा थप बोझिलो बनेको स्थानीयहरू बताउँछन्।

## चुरे विनाश र जलवायु परिवर्तन नै मुख्य कारक

मधेस काकाकुल बन्दै जानुमा नदीजन्य पदार्थको अवैध दोहन पनि अर्को मुख्य कारण रहेको विज्ञहरू बताउँछन्। क्रसर व्यवसायी, ठेकेदार र जनप्रतिनिधिहरूकै मिलेमतोमा नदी दोहन वृद्धि भएको विभिन्न तथ्यांकले देखाएको छ। केही वर्षअघि र अहिलेको अवस्था तुलना गर्दा नदी/खोला वीभत्स बनेको देखिन्छ। यसले पनि भूमिगत पानीको सतह थप गहिरिँदै गएको उनीहरूको निष्कर्ष छ।

१० वर्षअघि बर्दिवास नजिकैको रातु नदीमा गएर पौडी खेल्ने गरेको बर्दिवासका स्थानीय जमुना पोखरेल सम्झिन्छन्। 'खोलामा त्यस्तो कञ्चन पानी अहिले कहाँ देखिनु! खन्दाखन्दै गहिरिएर कता पुग्यो कता,' उनले भनिन, 'वरपर पलाउने जरुवा पानीले नै सिँचाइ हुन्थ्यो। धान, तरकारी उत्पादनका लागि खोल्साखोल्सीकै पानी काफी थियो। अहिले कथा सुनाएझैँ हुन्छ।' मधेसका खोला तथा नदी अन्धाधुन्ध खन्दा समस्या भएको कुरामा जिल्ला समन्वय समिति महोत्तरीका संयोजक सुमनलाल कर्ण पनि सहमत छन्। 'हामीले अनुगमन गर्दा आइई रिपोर्टले निर्धारण गरे विपरीत उत्खनन गरिएको छ। अनुगमनका लागि स्थानीय संयन्त्र भए पनि मौन देखिन्छ,' उनी भन्छन्।

संस्कृतिविद् डा.वीरबहादुर महतोका अनुसार यो समस्या पानी अभावको मात्र होइन, यसको जरो चुरे क्षेत्रको विनाश र जलवायु परिवर्तनसँग जोडिएको छ। 'मुहान संरक्षण र चुरे जोगाउने विषय आजको सबैभन्दा ठूलो मुद्दा हो,' उनी भन्छन्, 'चुरे नासिँदै जाँदा पानीका स्रोत पनि सुक्दै गएका छन्।' चुरे क्षेत्र पानीको प्राकृतिक भण्डार मानिन्छ। त्यहाँको वन विनाश, अनियन्त्रित दोहन र अतिक्रमणका कारण पानीको पुनर्भरण प्रणाली नै बिग्रिएको छ, जसको प्रत्यक्ष असर मधेसका नदी-खोलामा परेको उनको भनाइ छ।

पानी संकट केवल वातावरणीय समस्या होइन यो सांस्कृतिक अस्तित्वसँग जोडिएको प्रश्न बनेको छ। यदि यही अवस्था जारी रह्यो भने भोलिका दिनमा परम्परागत दाहसंस्कार विधि नै इतिहासमा सीमित हुने खतरा बढ्दै गएको ब्राह्मणहरूको बुझाइ रहेको छ। विज्ञहरूका अनुसार चुरे पानीको मुख्य भण्डार भए पनि मधेसमा चुरे अतिक्रमण अचाक्ली छ। मधेसको कुल क्षेत्रफल मध्ये २४.७८ प्रतिशत मात्र वन क्षेत्रले ओगटेको छ भने अधिकांश वन चुरे क्षेत्रमै छन्। प्रदेशका १३६ पालिकाहरू मध्ये ८४ वटा स्थानीय तहमा वन क्षेत्र नै छैन। सरकारले वनलाई आर्थिक विकासका मेरुदण्ड मानिने कृषि, पर्यटन, जलस्रोत, उद्योग आदिको आधार स्तम्भका रूपमा लिए पनि व्यावहारिक कार्यान्वयन गर्न



नसक्दा समस्या विकराल बन्दै गएको छ। मधेसका कतिपय जिल्लामा पानीकै क्षेत्रमा काम गर्ने भू तथा जलाधार व्यवस्थापन कार्यालयलगायत कैयौँ निकाय छन्। तर, ती निकायले प्रभावकारी काम गर्न नसक्दा समस्या थप जटिल बनेको महोत्तरीका स्थानीय रामप्रमोद यादव बताउँछन्।

मधेस सरकारको वन तथा वातावरण मन्त्रालयले उपलब्ध गराएको तथ्यांकले वन अतिक्रमणको भयावह चित्र देखाउँछ। आर्थिक वर्ष २०८०/०८१ को तथ्यांकअनुसार मधेसको ५ हजार ६९२.१५ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ। यसमध्ये सबैभन्दा बढी रौतहटमा ३ हजार १९०.५२ हेक्टर अतिक्रमणमा परेको मन्त्रालयले जनाएको छ। मधेसका १३६ वटै पालिका वनमा आश्रित भए पनि सबै पालिकामा वन छैन। सप्तरीका १८ मध्ये ८ पालिकामा वन क्षेत्र छ भने सिरहाका १७ मध्ये ११, धनुषाका १८ मध्ये ४, महोत्तरीका १५ मध्ये २, सर्लाहीका २० मध्ये ७, रौतहटका १८ मध्ये ५, बाराका १६ मध्ये ३ र पर्साका १४ मध्ये ७ वटा पालिकामा मात्र वन छन्।

## जलसँग जोडिएका अन्य पर्व पनि संकटमा

पष्ठीका दिनमा जलाशयमा नुहाइधुवाइ गरी साँझ अस्ताउने सूर्यको पूजाआराधना गर्दै नजिकको जलाशय (पोखरी) मा गएर दियो बत्ती बाली रातभर जाग्राम बस्ने मधेशको चर्चित पर्व हो छठ। बिहान उदाएको सूर्यलाई अर्घ्य र जल चढाएर सूर्यलाई प्राथना गरी सकेपछि यो पर्व विसर्जन गरिन्छ। तर आजकाल मधेशका पोखरीहरू समेत धमाधम सुकिरहेका छन्।

पशुपतिनगरका रामदेव महतो भन्छन्, 'जलाशय नभइकन यो पर्व मनाउन मिल्दैन किनकि धार्मिक मान्यताअनुसार पोखरीमा डुबुल्की मारेर महिलाहरूले यो पर्व नदी, तलाउ, पोखरीअगाडि बसी अस्ताएको सूर्य र उदाउँदो सूर्यको पूजा गरी रातभरि जाग्राम बसी सूर्य देवताको आरधना र व्रत गरेर मनाउँदछन् तर आजकाल पानीको कारणले सकस बनिरहेको छ।' पानी हालेर डोबिल्काहरू बनाएर पनि पोखरीको प्रतीककोरूपमा प्रयोग गर्न थालिएको स्थानीयहरू बताउँछन्। नदीका किनारमा छठी गर्दा पानी नै नहुने र पोखरी खोज्दै जाँदा पछिल्ला केही वर्षदेखि पानी नै सुकेको हुनाले छठ मनाउन नै सकस बन्दै गएको स्थानीय रामजन यादवको भनाइ छ।-सौर्यदैनिक

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेस प्रदेशमा २५ लाख माथिका....

कार्यान्वयन गरिनेछ । १० लाखदेखि २५ लाख रुपैयाँसम्मका योजनाहरू सिलबन्दी कोटेसनमार्फत सञ्चालन गरिने निर्णय भएको छ ।

१० लाख रुपैयाँभन्दा कमका योजनाहरु भने नयाँ रूपमा अघि नबढाउने निर्णय भएको छ ।

यसअघि प्रदेश सरकारले समय अभावलाई कारण देखाउँदै २५ लाख रुपैयाँसम्मका साना विकास योजनाहरू उपभोक्ता समितिमार्फत सञ्चालन गर्ने निर्णय गरेको थियो । आर्थिक वर्षको अन्त्य नजिकिँदै गएको र टेन्डर प्रक्रियामा जाँदा समयमै काम सम्पन्न नहुने तथा ठुलो र कम फ्रिज हुने जोखिम देखिएपछि यस्तो निर्णय गरिएको थियो । पछिल्लो समय सरकार सो निर्णयबाट पछि हटेको हो ।

स्रोतका अनुसार संघीय सरकारले अघि सारेको शासकीय सुधारको सातबुँदे कार्यसूची र सार्वजनिक खरीदसम्बन्धी मापदण्डको दबाबपछि प्रदेश सरकारले अधिकांश योजनालाई टेन्डर वा कोटेसन प्रक्रियाबाट अघि बढाउने आन्तरिक तयारी थालेको छ ।

चालु आर्थिक वर्षको दोस्रो चौमासिक बितिसक्दा पनि प्रदेश सरकारले विकास निर्माणतर्फ १५ प्रतिशत बजेटसमेत खर्च गर्न नसकेको अवस्था छ । आर्थिक वर्ष सकिन अब करिब साढे तीन महिनामात्र बाँकी रहेका कारण टेन्डर प्रक्रिया अपनाउँदा प्रारम्भिक चरणमै करिब डेढ महिना समय खर्च हुने सम्भावना हुन्छ। सूचना प्रकाशन, आवेदन, मूल्याङ्कन, सम्झौता तथा कार्यादेश जारी गर्ने प्रक्रियामै लामो समय जाने भएकाले बाँकी अवधिमा भौतिक प्रगति हासिल गर्न चुनौती देखिएको छ ।

मन्त्री रायका अनुसार संसदीय निर्वाचन क्षेत्रअन्तर्गतका योजनाहरू उपभोक्ता समितिमार्फत सहमतिमा सञ्चालन गरिने छन् भने मन्त्रालयगत योजनाहरू र कमको आधारमा टेन्डर वा सिलबन्दी कोटेसनमार्फत अघि बढाइनेछ ।

प्रदेश सरकारका अनुसार तीन अर्ब रुपैयाँभन्दा बढीका योजनाहरू संसदीय निर्वाचन क्षेत्रसँग सम्बन्धित छन् । त्यस्तै १० लाख रुपैयाँभन्दा माथिका मन्त्रालयगत योजनाहरूको कुल आकार २६ अर्ब रुपैयाँभन्दा बढी रहेको बताइएको छ । तीमध्ये २५ लाख रुपैयाँभन्दा माथिका अधिकांश योजनाहरू टेन्डर प्रक्रियामा प्रवेश गरिसकेका छन् भने बाँकीलाई सिलबन्दी कोटेसनमार्फत अघि बढाइनेछ ।

मन्त्री रायले सार्वजनिक खरीद ऐनको मापदण्डभित्र रहेर समय बचतका लागि कोटेसन प्रक्रियालाई प्राथमिकता दिइएको बताए । उनले १० लाखभन्दा कमका टुक्रे योजनाहरूलाई निरुत्साहित गर्न रोक्का गरिएको र त्यस रकमलाई अधुरा योजना सम्पन्न तथा बक्यौता भुक्तानीमा केन्द्रित गर्ने बताए ।

# कार्की प्यानलको घोषणापत्र...




समस्या समाधानमा पहल: घर भाडा सम्झौता, घरधनी-व्यवसायी सम्बन्ध र स्थानीय करका क्षेत्रमा देखिएका समस्याहरूलाई समाधान गर्न प्रभावकारी पहल गर्ने।

बजार सुरक्षा र व्यवस्थापन: सडक छेउका साना व्यवसायीहरूको उचित व्यवस्थापन गर्दै उनीहरूको व्यवसाय र बजार सुरक्षाको ग्यारेन्टी गर्ने।

२. व्यवस्थित बर्दिवास, सुन्दर बजार

पार्किङ व्यवस्थापन: नगर पालिकासँगको समन्वयमा बजार क्षेत्रभित्र व्यवस्थित पार्किङ स्थलको निर्माण गर्ने।

रुपूर्वाधार विकास: फुटपाथ र ढल निकासको उचित व्यवस्थापनका साथै बजार क्षेत्रमा सार्वजनिक शौचालय र प्रतीक्षालयहरूको निर्माण गर्ने।

३. 'ट्रान्जिट' होइन, पर्यटकीय गन्तव्य बर्दिवास

रुरात्रिकालीन बजार: बर्दिवासको आर्थिक गतिविधिलाई चलायमान बनाउन रात्रिकालीन बजारको अवधारणालाई कार्यान्वयन गर्ने।

'Stay Bardibas' प्याकेज: स्थानीय होटल तथा ट्राभल्स व्यवसायीहरूसँग मिलेर बाह्य तथा आन्तरिक पर्यटकहरूलाई बर्दिवासमा टिकाउन विशेष प्याकेजहरूको प्रवर्द्धन गर्ने।

४. उद्योगी-व्यवसायी सहजता: हाम्रो प्रतिवद्धता

कानुनी परामर्श डेस्क: व्यवसायीहरूलाई आइपर्ने कानुनी अड्चनहरू सुल्झाउन सङ्घभित्रै 'व्यवसायी कानुनी परामर्श डेस्क' स्थापना गर्ने।

स्वास्थ्य सेवामा सहुलियत: व्यवसायी र उनीहरूका परिवारका लागि निजी अस्पतालहरूसँग समन्वय गरी विशेष उपचार सहुलियत (डिस्काउन्ट) को व्यवस्था मिलाउने।

# दोहोरो सूचनाले गौशाला बजारमा द्वन्द्व....................

गौशालाबजार बन्दको घोषणा गरेका छन् । बजारको अतिक्रमित जग्गा मुक्त गर्ने क्रममा भेदभावपूर्ण गतिविधी गरिएकोले वडाअध्यक्ष गुप्ताले सार्वजानिक रुपमै गौशाला बजार बन्द अनिश्चितकालित बन्दको घोषणा गरेका हुन् ।

उनले भने, 'बजारभित्रको अतिक्रमित संरचना खाली गर्ने क्रममा भेदभावपूर्ण गतिविधी भएको हो । अग्रिम रुपमा दिईएको सूचनाको प्रत्यक्ष रुपमा उल्लंघन गर्दै स्थानिय अभियानीहरुले व्यक्तिगत संरचनामा क्षति पुर्याएको हो । असन्तुष्ट व्यापारी अनि व्यवसायीको माग सम्बोधन नभएसम्म बजार बन्द गरिएको हो ।

तथापी शनिबार दिउँसोको समयमा भने बजार आंशिक रुपमा खुल्ला नै थियो । जसका कारण बाहिरबाट आएका सेवाग्राहीहरु प्रत्यक्ष रुपमा मर्कामा परेका थिए ।'

## छलफल गरि समस्याको निकास गरौ : नगरप्रमुख महतो


बजार बन्द गरेर समस्या समाधान नहुने यसका लागि बसेर छलफलमार्फत समस्या समाधान खोज्नुपर्नेमा गौशाला नगरपालिकाको नगरप्रमुख डा दिपेन्द्र महतोले बताए । उनले भने, 'समस्यामा परेको व्यवसायीहरु नगरपालिकामा आई समाधान गर्नुपर्नेछ । अनिवार्य रुपमा नालाभित्रमै सरसमान राखि व्यवसाय गर्ने गरौ। समस्या समाधानका लागि मैले वडाअध्यक्षसँग समन्वय गरि रहेको छु । बजार विस्तारको क्रममा अवरोध नगरिकन सबैको साथ र सहयोगको आवश्यक रहेको छ ।'

## सुधार गर्ने क्रममा समस्या हुनसक्छ : उपाध्यक्ष महतो

बजार अतिक्रमणमुक्त गर्ने क्रममा सटर टुटफुट भएको गौशाला उद्योग वाणिज्य संघका उपाध्यक्ष देवचन्द्र महतोले बताए । उनले सुनाए, 'बजार बन्द नगरिकन सेवा सुचारु गरि कन समस्याको समाधान निकाल्नुपर्नेछ । वडाअध्यक्षले स्वयम म्यानेट गरि निर्णय गरेर अगाडि बढेतापनि कामको शिलशिलामा केही तलमाथि भएको हो । यसलाई ठुलो मुद्दा बनाए बजारको विकास कदापी हुन सक्दैन् । तसर्थ सबैले यसलाई मनन गर्दै अगाडि बढौ ।'

## बर्षौंदेखि थाती रहेको बजार विकासको खाका युवाले कोर्दैछ : साँसद महतो

महोत्तरी क्षेत्र नं. १ मा साँसद प्रमोदकुमार महतोले यस अवस्थामा सरोकारवाला निकायलाई समन्वयनकारी भुमिका अपनाउनुपर्नेमा जोड दिएका छन् । क्रमिक रुपमा जीर्ण र कुरुप बन्दै गएको बजार लाई युवाहरुको समर्थनमा अतिक्रमणमुक्त हुँदै गएको सकारात्मकपक्ष रहेको महतोले सुनाएका छन् । उनले भने, 'करिब १५ बर्षपछि गौशालाले काँचुली फेर्दैछन् । यसमा सबैको समर्थनको आवश्यक रहेको छ । गौशाला हाम्रो ईतिहास हो, धरोहरको केन्द्रविन्दु रहेकोले यसप्रति सबैले संयमित भई लाग्नुपर्ने देखिन्छ । गौशालालाई संरक्षणका लागि युवापिढी अगाडि आएको छ । जसलाई हरेकपक्षको समर्थनको आवश्यकता रहेको छ । नगर युवा संजाल र गौशाला नगरपालिकाले अगाडि बढाएको कदममा मेरो पुर्ण समर्थन छ । नयाँ संरचना निर्माणको क्रममा पुरानो भत्किनु वा समान्य टुटफुट हुन सक्छ जसलाई म्यानेज गरि हामी गौशाला विकासको पक्षमा अगाडि बढौ ।'


शिरीष अफसेट प्रेस
बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी
पत्रिका
क्यालेण्डर
रजिष्टर, डाइरी
किताब
परीक्षा कपी
पर्चा पम्पलेट
बिल, भाउचर,

स्क्रिन प्रिन्ट
विवाह कार्ड
प्रमाण पत्र
भिजिटिङ्ग कार्ड
झोला प्रिन्ट
रबर स्टाम्प

फ्लेक्स प्रिन्ट
ब्यानर प्रिन्ट
होर्डिङ्ग बोर्ड
स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।
सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# कार्की प्यानलको घोषणापत्र : बर्दिवासलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नेसम्म

**खबर दर्पण समाचारदाता**

**चैत्र २१ गते, बर्दिवास**

बर्दिवास उद्योग वाणिज्य संघको आसन्न निर्वाचनलाई लक्षित गर्दै अध्यक्ष पदका उम्मेदवार दीपक बहादुर कार्कीले आफ्नो प्यानलसहित प्रतिबद्धता सार्वजनिक गरेका छन् । "व्यावसायिक विकास र समृद्धिको साझा संकल्प" भन्ने मूल नारासहित कार्कीले सम्पूर्ण प्यानल किन आवश्यक छ भन्ने स्पष्ट गर्दै ४ बुद्दे घोषणापत्र सार्वजनिक गरेका हुन् ।

संघलाई प्रभावकारी, समन्वयात्मक र परिणाममुखी बनाउन एकल नेतृत्व मात्र पर्याप्त नहुने भएकाले सक्षम र अनुभवी टोली प्यानलमा रहेको उनले दावी गरे । समग्र व्यवसायी समुदायको हकहित संरक्षण, बजार व्यवस्थापन र दीर्घकालीन आर्थिक समृद्धिका लागि साझा दृष्टिकोणसहित अगाडि बढ्ने प्रतिबद्धता जनाएका छन्।

कार्की प्यानलले साना तथा ठूला व्यवसायीबीचको दूरी घटाउँदै पूँजीगत आधारमा व्यवसायी वर्गीकरण गर्ने र सबैलाई समान अवसर सुनिश्चित गर्ने योजना अघि सारेको छ। घरभाडा, घर धनी-व्यवसायी सम्बन्ध तथा स्थानीय करसँग सम्बन्धित समस्याहरू समाधान गर्न संघले सक्रिय भूमिका खेल्ने प्रतिबद्धता जनाइएको छ। साथै, सडक किनारका साना व्यवसायीहरूको व्यवस्थापन गर्दै बजार सुरक्षामा जोड दिने योजना समेत सार्वजनिक गरिएको छ ।

त्यस्तै नगरपालिकासँग समन्वय गर्दै व्यवस्थित पार्किङ स्थल निर्माण, फुटपाथ व्यवस्थापन, ढल निकास सुधार तथा सार्वजनिक शौचालय र प्रतीक्षालय निर्माण गर्ने योजना कार्की प्यानलले अघि सारेको छ। यसले बर्दिवासलाई व्यवस्थित र आकर्षक व्यापारिक केन्द्र बनाउने विश्वास व्यक्त गरिएको छ ।

बर्दिवासलाई ट्रान्जिट सहरको रूपमा नभई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने लक्ष्यसहित रात्रिकालीन बजार सञ्चालन गर्ने अवधारणा पनि अघि ल्याइएको छ । यो प्रतिवद्धतालाई दुवै प्यानलले साझा बनाएका छन् । कार्की प्यानलको होटल तथा ट्राभल व्यवसायीसँग सहकार्य गरी आन्तरिक तथा बाह्य पर्यटकलाई बर्दिवासमै बस्न प्रोत्साहन गरिने योजना रहेको छ।

व्यवसायीहरूलाई कानुनी समस्याबाट सहज रूपमा समाधान दिलाउन कानुनी परामर्श डेस्क स्थापना गर्ने, निजी अस्पतालसँग सहकार्य गरी स्वास्थ्य सेवामा सहुलियत उपलब्ध गराउने तथा सिटीईभिटी र सरकारी निकायसँग मिलेर महिला उद्यमीहरूका लागि सीपमूलक तालिम सञ्चालन गर्ने योजना समेत सार्वजनिक गरिएको छ। कार्कीले सुरक्षित लगानी, मर्यादित पेशा र समृद्ध बर्दिवास" आफ्नो मूल लक्ष्य रहेको उल्लेख गर्दै सम्पूर्ण व्यवसायीहरूलाई आफ्नो प्यानललाई समर्थन गर्न अपिल गरेका छन् ।

उक्त प्यानलले आगामी चैत्र २४ गते हुने निर्वाचनमा "डमरु" चुनाव चिन्हमा प्राप्त गरेको छ भने विपक्षी प्यानलले कलश चिन्ह प्राप्त गरेको छ ।

**यस्ता छन प्रतिवद्धताहरु**


१. सानो लगानी, ठूलो सम्मान: हाम्रो अभियान

रुव्यवसायी वर्गीकरण: पुँजीगत आधारमा व्यवसायीहरूको वर्गीकरण गरी सङ्घमा आवद्ध गराउने र सबैलाई समान अवसरको सुनिश्चितता गर्ने।

बाँकी पृष्ठ ३ मा












खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,